श्री Marshall D. Orson, समिति अध्यक्ष
सुश्री Vickie B. Turner, उपाध्यक्ष
श्री Stan O. Jester
डा. Michael A. Erwin
सुश्री Allyson Gevertz
श्री Diijon DaCosta
डा. Joyce Morley

सुश्री Cheryl Watson-Harris, सुपरिन्टेन्डेन्ट

**प्रेस विज्ञप्ति**

जुलाई 14, 2020

**सम्पर्क:**
Portia Kirkland, 678-427-4898
Carla Parker, 404-734-1717

# DCSD को विद्यालयहरू पुन: खोल्ने योजना: विद्यालयहरू ढिलो गरी सुरु गर्ने, दूर शिक्षा/रिमोट लर्निङ पद्धति अपनाएर खोल्ने

STONE MOUNTAIN, Ga. – DeKalb County School District को सुपरिन्टेन्डेन्ट Cheryl Watson-Harris ले शिक्षा समितिको हिजोको बैठकमा विद्यालयहरू पुन: खोल्ने सम्बन्धमा डिस्ट्रिक्टले बनाएको योजना प्रस्तुत गर्नुभयो।

वर्तमान योजनाले शिक्षा समितिलाई कोभिड-19 को संक्रमण फैलिरहेको यो अवस्थालाई मध्यनजर गर्दै 2020-2021 को शैक्षिक सत्र अगस्त 17, 2020 सम्म पुर्याएर ढिलो गरी सुरु गर्न र दूर शिक्षा/रिमोट लर्निङ पद्धति अपनाएर विद्यालयहरू खोल्न सुझाव दिएको छ। समितिले विद्यालयहरू ढिलो गरी खोल्ने कुरा स्वीकृत गर्यो।

नयाँ मूल्याङ्कन र योजना परिमार्जनको बारेमा मासिक रूपमा जानकारी प्रदान गरिनेछ।

सुपरिन्टेन्डेन्टहरू, र स्थानीय तथा संघीय सरकारका अधिकारीहरूको सहकार्यमा Georgia Department of Public Health, DeKalb County Board of Health, Centers for Disease Control and Prevention (CDC), Georgia Department of Education (GaDOE), Metropolitan Regional Educational Service Agency (MRESA) का निर्देशिकाहरूबाट डिस्ट्रिक्टको योजना बनेको हो। सरोकारवालाहरूको सुझाव सङ्कलन गर्ने सर्वेक्षण मार्फत परिवारहरू, विद्यार्थीहरू तथा कर्मचारीहरूबाट 39,574 प्रतिक्रियाहरू प्राप्त गरियो। यी प्रतिक्रियाहरूलाई मध्यनजर गर्दै यो योजना बनाइएको छ।

“विद्यार्थी तथा कर्मचारीहरूको सुरक्षा DeKalb County School District को उच्च प्राथमिकतामा पर्छ, र अहिलेको समयमा हामी यो वर्ष दूर शिक्षा/रिमोट लर्निङ पद्धतिन अपनाउन सुझाव दिइरहेका छौं,” सुपरिन्टेन्डेन्ट Cheryl Watson-Harris ले भन्नुभयो। “अहिलेको समयमा हाम्रो ठाउँमा जुन मात्रामा संक्रमण फैलिएको छ, त्यस हिसाबले यो विकल्प हाम्रो लागि सबैभन्दा उत्तम रोजाइ बन्छ, तर यसलाई नियमित रूपमा पुनर्मूल्याङ्कन गरिनेछ। विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूलाई दूर शिक्षा व्यवस्थामा सहयोग गर्नका निमित्त उनीहरूले थप सामाग्रीहरू पनि प्राप्त गर्ने छन्।

ग्रेड Pre-K देखि 12 सम्मका विद्यार्थीहरूसँग डिजिटल उपकरणको पहुँच हुन्छ भनेर सुनिश्चित गर्न डिस्ट्रिक्टले 1:1 क्रोमबुक खरिद गरिरहेको छ। विद्यार्थी तथा अभिभावकहरूले VERGE र Microsoft TEAMS लगायतका सफ्टवेयर सामाग्रीहरू सफलतापूर्वक कसरी प्रयोग गर्ने भनेर सिक्न मोड्युलहरू हेर्न सक्नेछन्।

DCSD ले मार्गदर्शन सत्रहरू सञ्चालन गर्नका साथै कर्मचारीको युवा मानसिक स्वास्थ्य प्राथमिक सहायता 101 को प्रशिक्षणलाई निरन्तरता दिनका निम्ति विद्यालयका परामर्शदातालाई पनि VERGE र Microsoft TEAMS को पहुँच प्रदान गर्नेछ। विद्यालय तथा शिक्षकहरूले Zoom र Google Classroom जस्ता वैकल्पिक उपकरण छनौट गर्न सक्छन् र आफ्ना विद्यार्थी तथा अभिभावकहरूलाई उपयुक्त सामाग्रीहरूको बारेमा जानकारी गराउने छन्।

जुलाई 14 देखि, 12 महिने कर्मचारीहरूले विद्यालयहरू खुलाइको तयारी गर्न मिश्रित पद्धतिमा फेरि काम गर्न सुरु गर्ने छन्। DCSD क्रमबद्ध तालिकाहरू विकास गरिरहेको छ। यसले शैक्षिक सत्रको सुरुवातको तयारीका लागि शिक्षक, सहायता कर्मचारी, र विद्यार्थीहरूलाई सुरक्षित साथ शैक्षिक सामाग्रीहरू पहुँच गर्न र/वा उपकरणहरू प्राप्त गर्न दिनेछ।

DCSD ले शिक्षक र नेतृत्वकर्ताहरूलाई सहयोग गर्ने व्यवसायिक विकास सामाग्रीहरू पनि निर्माण गरिरहेको छ। यी सामाग्रीहरूमा ट्रमा, अचेत पूर्वाग्रह, सामाजिक-भावनात्मक शिक्षा, समावेशीकरण र डिजिटल र अनलाइन शिक्षा उपकरण र प्रणालीहरूको उपयुक्त प्रयोग लगायतका कुराहरू पर्छन्। रिमोट लर्निङको व्यवस्थामा विद्यार्थीहरूलाई प्रभावकारी रूपमा पढाउने र विद्यार्थीहरूको प्रगति निगरानी गर्ने सबैभन्दा राम्रा अभ्यास र रणनीतिहरूको बारेमा जानकारी प्रदान गर्न व्यवसायिक विकासका सत्रहरू प्रदान गरिनेछ।

शिक्षकहरूले प्रत्यक्ष र अप्रत्यक्ष अनलाइन सिकाइमा सहभागी हुने अवसर प्राप्त गर्ने छन् जसले कसरी Microsoft Teams र Zoom प्रयोग गरेर प्रत्यक्ष निर्देशन दिने, विद्यार्थी सहभागिता बढाउने, र भिडियो कन्फरेन्सिङ मार्फत लक्षित हस्तक्षेप र सहायता प्रदान गर्ने भन्ने कुरामा ध्यान केन्द्रित गर्छ।

डिस्ट्रिक्टले विभिन्न खालका स्वस्थ भोजनको बारेमा योजना बनाइरहेको छ। यी भोजनहरूले प्रत्येक ग्रेड स्तरको बिहानको खाजा, दिउँसोको खाना र बेलुकाको खाजा/खानासम्बन्धी संघीय निर्देशिकाको मापदण्ड पूरा गर्नेछन्। पोषण विभागले यातायात विभागसँग सहकार्य गरेर यातायात सुविधा नभएका परिवारहरूलाई बसका रूटहरू पर्ने ठाउँमा खाना वितरण गर्नेछ।

समुदायमा फैलिएको रोगको संक्रमणलाई मध्यनजर गर्दै यस्तो खालको सिकाइ पद्धतिको योजना बनाइएको हो। सक्रमण फैलन कम भयो वा फैलँदै फैलिएन भने परम्परागत शिक्षा पद्धति प्रयोग गरिनेछ। संक्रमण न्यून वा मध्यम रूपमा फैलिएको खण्डमा, कि त परम्परागत पद्धति, कि त मिश्रित पद्धति वा त दूर शिक्षा/रिमोट लर्निङ प्रयोग गरिनेछ। वर्तमान समयमा, यो क्षेत्रमा रोगको संक्रमण धेरै हदसम्म फैलिरहेको छ। त्यसैले, हालका लागि दूर शिक्षा/रिमोट लर्निङ पद्धति सिफारिस गरिन्छ।

वर्तमान सिकाइ पद्धति समायोजन गर्नु जरुरी छ कि छैन र वर्तमान सिकाइ पद्धति कति बेला समायोजन गर्ने भन्ने कुरा निर्धारण गर्नका निम्ति डिस्ट्रिक्टले COVID-19 को वर्तमान तथ्याङ्क अध्ययन गर्नेछ र संक्रमण कुन गतिमा फैलिरहेको छ भनेर आकलन गर्नेछ। मूल्याङ्कनहरू सेप्टेम्बर 14, अक्टोबर 19, नोभेम्बर 9, र डिसेम्बर 7, 2020 को बैठकमा प्रस्तुत गरिनेछ।

समुदायको सुझाव सङ्कलन गर्न गरिएको सर्वेक्षणले के देखायो भने धेरैजसो कर्मचारीहरू (70 प्रतिशत) र अभिभावकहरू (59 प्रतिशत) यो वर्ष परम्परागत सिकाइ पद्धतिमा विद्यालय खोल्ने कुरामा असहज महसुस गर्नुहुन्छ। मिश्रित पद्धति र दूर शिक्षा/रिमोट लर्निङ दुवै समूहका लागि अलि बढी सहज विकल्प भएको पाइयो। विद्यार्थीहरूले परम्परागत पद्धतिमा अलि बढी सहजता सङ्केत गरे।

सरसफाइ र मर्मतसम्भारको अद्यावधिक प्रोटोकलको विवरण सहित योजनाको सम्पूर्ण प्रस्तुतीकरण हेर्न यहाँ क्लिक गर्नुहोस् https://www.dekalbschoolsga.org/documents/plan-presentation.pdf।